फोन नं. ०३३४०३०६३
E- kalyanpurmun2073@ gmail.cor
web site- kalyanpurmun.gov.np

# कल्याणपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर, सिरहा
मधेश प्रदेश, नेपाल

## सार्वजनिक निजि साझेदारी (PPP) मा पसल सटर निर्माण गरी बहालमा लिन आव्हान गरिएको सूचना ।

(प्रथम पटक प्रकाशन सूचना मिति २०७९/०९/१४)

यस कल्याणपुर नगरपालिका वडा नं. १२ स्थित बेल्हा बजारको दक्षिण र पोखरीको उत्तर तर्फको डिलमा सार्वजनिक निजि साझेदारीको अवधारणा अनुरूप तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही १६ वटा पसलको लागि सटर निर्माण गर्न अग्रिम लागत सहभागित गर्ने व्यक्तिहरुले आवेदन गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति/फर्म कम्पनीहरुले तपसिल बमोजिमका शर्त र वन्देजहरुको परिधिभित्र रही यस कार्यालयबाट उपलब्ध हुने आवेदन फाराम भरी पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु :-

१. आवेदन फाराम कल्याणपुर नगरपालिकाको कार्यालयबाट रु.१००/- (एक सय मात्र) फिर्ता नहुने गरी राजश्व शाखामा शुल्क बुझाई प्राप्त गर्न सकिने छ ।

२. आवेदन फाराम सूचना प्रकाशन भएको मितिदेखि १५ औ दिन सम्ममा कार्यालय समय भित्र आवेदन दिई खरिद गरी दर्ता गरी सक्नु पर्नेछ ।

३. आवेदन साथ फर्म कम्पनी वा व्यवसाय दर्ता भएको भए सो को प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र हाल सालै खिचेको पासपोर्ट साईजको २ प्रति फोटो संलग्न गर्नु पर्नेछ ।

४. अग्रीम लागत सहभागिता गर्ने रकम प्रति सटरको पसल रु.२,५०,०००।– (दुई लाख पच्चास हजार मात्र) र कायम गरिएको छ । सो मध्ये आवेदन पेश गर्दा पुरै रकम यस नगरपालिकाको नाममा रहेको धरौटी खाता माछापुच्छ्रे बैक, शाखा कल्याणपुरमा रहेको खाता नं. ०८१०११०८१८५०००४२ धरौटी खातामा जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

५. एक व्यक्ति वा फर्मले एउटा मात्र सटर पसलका लागि आवेदन फाराम पेश गर्न पाउनेछ ।

विष्णु ... 
प्रमुख प्रशासकिय अधिकृत

६. आवश्यक संख्या भन्दा बढी निवेदन दर्ता भएमा निवेदनहरु गोलाप्रथाबाट नै सटर कोठा छनौट गर्ने व्यवस्था गरिनेछ ।

७. सटर निर्माण भई सकेपछि सो को भाडा कल्याणपुर नगरपालिकाले निर्धारण गरे बमोजिम हुने र निवेदक बहालवालाले बुझाउनु पर्ने सम्झौता बमोजिम तोकिएको मासिक भाडा मध्ये ५० प्रतिशत भाडा निजले राखेको अग्रीम सहभागिताको रकमबाट कट्टा गर्दै लगिनेछ ।

८. बहालवाला अग्रीम जम्मा गरेको सहभागिताको रकम भाडा वापत सम्पूर्ण रकम कट्टा भैसके पश्चात नगरपालिकाले पुनरावलोकन गरी पूनः नयाँ प्रकृयाद्वारा भाडा लगाउने बन्दोबस्त गर्नेछ ।

९. पसल सटर बिक्री गर्दा नगरपालिकामा निवेदन दिई आर्थिक ऐनमा तोके बमोजिमको नामसारी दस्तुर बुझाई नियमानुसार नामसारी गर्नुपर्नेछ, आफूखुशी सटर पसल बिक्री वितरण गरेको पाईएमा सम्झौता रद्ध गरी नगरपालिकाले सो सटर पसलको व्यवस्थापन आफै गर्नेछ ।

१०. पानी र विद्युत महशुल भुक्तानीको प्रयोजनका लागि वडा कार्यालयको रोहवरमा महशुल व्यवस्थापन समिति गठन गरिनेछ । यस समितिले पसल सटर संचालनमा गर्ने व्यवसायीहरुले पानी, बिजुली, लगायतका सेवा सञ्चालन र उपभोग गर्ने सेवा शर्तहरु तयार गरी महसुल भुक्तानीको विधि तयार गरी लागु गर्नेछ । सम्बन्धित व्यवसायीको निष्कृयता र लापरवाहीको कारणबाट विद्युत लाईन र खानेपानी कटौती हुने अवस्था आएमा स्वयंम् नै जिम्मेवार भई त्यसको व्यवस्थापन गर्नु पर्नेछ, आवश्यकता अनुसार वडा कार्यालयबाट सहजिकरणको भूमिका निर्वाह गरिने छ ।

११. लागत सहभागिता प्रक्रियामा शुरु सहभागिता जनाउने व्यक्ति वा फर्म संग मात्र संझौता गरिने छ । जुन व्यक्ति वा फर्मको नाममा आवेदन फाराम विक्री भएको छ सोही व्यक्तिले मात्र प्रतिस्पधामा सहभागी हुन पाउने छ । अनाधिकृत रुपमा आपसी मिलेमतोमा पसल सटर विक्री गर्न पाईने छैन, पसल सटर अनाधिकृत रुपमा बिक्री भएको पाईएमा सम्झौता रद्ध गरी त्यस्ता पसल सटर बन्द गर्ने, गराईने छ ।

१२. पसल भित्रको आन्तरिक सजावटको प्रयोजनका लागी वाहेक अन्य संरचना परिवर्तन गर्नु पर्ने भएमा नगरपालिकाको पूर्व स्वीकृति लिएर मात्र गर्न सकिने छ ।

१३. रित नपुगी आएको वा म्याद नाघी आएको आवेदनलाई कुनै मान्यता दिइने छैन ।

१४. यस सम्झौतामा लेखिएको शर्तहरुको हकमा यसै बमोजिम र उल्लेख नभएको शर्तहरुको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

२०८१।९।१४
विष्णु रञ्जन बराल
प्रमुख प्रशासकिय अधिकृत

१५. सटर पसल व्यवस्थापन सम्बन्धमा नगर कार्यपालिकाको बैठकबाट भएका निर्णय एवम निर्देशनहरुको पालना गर्नु पर्नेछ ।

१६. सटर पसल निमार्ण र हस्तान्तरणको प्रक्रिया नगर कार्यपालिकाको बैठकले निर्णय गरे अनुसार हुनेछ ।

१७. अन्य थप जानकारीको लागि यस नगर कार्यपालिकामा सम्पर्क राख्न सकिनेछ ।

विष्णु रंजन बराल
प्रमुख प्रशासकीय अधिकृत

विष्णु रञ्जन बराल
प्रमुख प्रशासकिय अधिकृत